प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# सुदूरपश्चिम प्रदेश कार्यालय

धनगढी, कैलाली

## विज्ञहरुको सूची (Roster) अध्यावधिक गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०१)

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय मातहतका आंगिक शिक्षालयहरुको माग बमोजिम आवश्यक विभिन्न पद, तह र श्रेणीमा सेवा करारमा व्यक्ति छनौट गर्नुपर्ने भएकोले पदपूर्ति सम्बन्धी कार्यसम्पादन (प्रश्न पत्र निर्माण र उत्तर पुस्तिका परीक्षण र अन्तरवार्ता आदि) गर्न सम्वन्धित क्षेत्र र विषय संग सम्वन्धित विज्ञहरुको आवश्यकता परेको हुनाले सम्वन्धित विषयमा स्नातक र स्नातकोत्तर गरी कम्तीमा ५(पाँच) वर्षको सरकारी कार्य अनुभव भएका विज्ञहरुले निवेदन सहित आफैले प्रमाणित गरेका आवश्यक कागजपत्रहरु संलग्न गरी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्रमा यस कार्यालयमा स्वयम उपस्थित भई वा email: ctevtspokailali@gmail.com मार्फत निवेदन दिई विज्ञको रोष्टर (Roster) मा समावेश भई उक्त कार्यमा सहयोग गरीदिनु हुन अनुरोध छ । साथै विज्ञहरुको सूची (Roster) को आवेदन दिनको लागि प्रदेश कार्यालयको वेवसाइट www.ctevt.org.np वा www.ctevtspo.org.np रहेको आवेदनको ढाँचा बमोजिम गर्नुहुन अनुरोध छ

आवश्यक क्षेत्रहरुः

१. कृषि (पशु विज्ञान)

२. फार्मेसि

३. बायोलोजी (Zoology /Botany)

**<u>आवश्यक कागजपत्रहरुः-</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

३. कार्य अनुभवको प्रमाणित प्रतिलिपी ।

४. पेशागत संघ संस्था दर्ती प्रमाणपत्र प्रतिलिपी (आवश्यकता अनुसार) ।

अध्यक्षः

सेवा करार व्यक्ति छनौट उपसमिति

श्रीमान् निर्देशकज्यू,　　　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०८२/०९/

सुदूरपश्चिम प्रदेश कार्यालय,

प्रा.शि.तथा.व्या.ता. परिषद्,

धनगढी, कैलाली ।

**विषयः-** प्रश्न पत्र निर्माण तथा परिमार्जन/उत्तरपुस्तिका परीक्षण/प्रयोगात्मक परीक्षा/अन्तर्वार्ताको लागि विज्ञको सूचीमा समावेश पाऊँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा, त्यस कार्यालयबाट मिति २०८२/०९/०८ गते प्रकाशित सूचनानुसार तपसिलको विषयको प्रश्न पत्र निर्माण तथा परिमार्जन/उत्तरपुस्तिका परीक्षण/प्रयोगात्मक परीक्षा/अन्तर्वार्ताका गर्न म इच्छुक रहेकोले प्रचलित कानून बमोजिम गोपनियतालाई पूर्ण रुपमा सुरक्षित गर्दै सो कार्यको मर्यादामा कुनै आँच आउन दिने छैन भनी स्व-घोषणाको कबुलियतनामा सहित देहाय बमोजिमका कागजातहरु संलग्न गरी विज्ञको सूचीमा समावेश हुनपाउँ भनी यो निवेदन पेश गरेको छु ।

| क्र.सं. | शैक्षिक योग्यता | कार्य अनुभव | विज्ञको सूचीमा समावेश हुन चाहेको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

नाम थर (नेपाली / अंग्रेजी) :
स्थायी ठेगानाः
मोबाइल नम्बरः
स्थायी लेखा नम्बर (PAN):
बैंकको नाम र ठेगाना :
बैंकको खाता नम्बरः
दस्तखतः
संलग्न कागजातहरुः